जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क : ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक २४३ • २०८३ असार ९ गते मंगलवार • 23 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## रामगोपालपुर नगरपालिकाको ४९ करोड ५५ लाखको बजेट सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ८ असार



महोत्तरीको रामगोपालपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि रु ४९ करोड ५५ लाख ३८ हजार बराबरको अनुमानित बजेट सार्वजनिक गरेको छ । नगरपालिकाको १४औँ नगरसभाको खुला अधिवेशनमा नगर प्रमुख राम दुलार शाहले नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखिएको जानकारी दिनुभयो । नगरपालिकाले सार्वजनिक गरेको बजेटमा संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँडलाई प्रमुख स्रोतका रूपमा समेटिएको छ ।

संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ रु ९ करोड ८० लाख, सशर्त अनुदानतर्फ रु १६ करोड ७६ लाख, विशेष अनुदानतर्फ रु ३ करोड ३० लाख, समपूरक अनुदानतर्फ रु १ करोड ७० लाख र राजस्व बाँडफाँडतर्फ रु ९ करोड ५७ लाख ९१ हजार प्राप्त हुने अनुमान गरिएको छ। त्यस्तै प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ रु ६६ लाख ४७ हजार, विशेष अनुदानतर्फ रु २० लाख, समपूरक अनुदानतर्फ रु ३० लाख, राजस्व बाँडफाँडतर्फ रु ६५ लाख र सशर्त अनुदानतर्फ रु ६० लाख बजेटमा समावेश गरिएको छ। नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट रु ३ करोड आन्तरिक आम्दानी, मालपोतबाट प्राप्त हुने स्थानीय राजस्वतर्फ रु १ करोड ५० लाख तथा गत वर्षको बचत रकमबाट रु १ करोड ५० लाख व्यवस्थापन गर्ने लक्ष्य राखेको छ । नगरसभामा मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सरोज यादव प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो। कार्यक्रममा नगर प्रमुख शाहले रामगोपालपुर क्षेत्रको कृषि तथा पशुपालनलाई आधुनिकीकरण गर्ने, व्यावसायिक खेती विस्तार गर्ने तथा युवालाई उत्पादनमूलक क्षेत्रमा जोड्ने कार्यक्रमलाई निरन्तरता दिइने बताउनुभयो । उहाँले नगरपालिकाले गरिबी न्यूनीकरण, महिला तथा सामाजिक समावेशीकरण, कला-संस्कृति संरक्षण, खेलकुद विकास, कृषि तथा पशुपालन प्रवर्द्धन, उद्योग-वाणिज्य, पर्यटन, रोजगारी सिर्जना, सहकारी, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, खानेपानी तथा सरसफाइ, सिँचाइ, सहरी विकास, सञ्चार, वातावरण संरक्षण, विपद् व्यवस्थापन र सुशासनका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने जानकारी दिनुभयो। नगरपालिकाका अनुसार प्रस्तुत बजेटले स्थानीय पूर्वाधार निर्माण, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा नगरको आर्थिक र सामाजिक विकासलाई गति दिने लक्ष्य लिएको छ । नगरसभाबाट पारित भएपछि बजेट कार्यान्वयन प्रक्रियामा जानेछ ।

## मिथिला बिहारी नगरपालिकाको १२ औं नगरसभा सम्पन्न, बजेट,नीति तथा कार्यक्रम प्रस्तुत




मोनु गुप्ता
जनकपुरधाम, ८ असार

धनुषाको मिथिला बिहारी नगरपालिका को आर्थिक वर्ष २०८३/०८४ को १२ औं नगरसभाको उद्घाटन सत्र आज सोमबार सम्पन्न भएको छ ।

नगरसभा अध्यक्ष तथा नगर प्रमुख राजेन्द्र प्रसाद यादवको अध्यक्षता र उपप्रमुख शोभा देवी साहको उपस्थितिमा सम्पन्न उद्घाटन सत्रमा आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम, वार्षिक बजेटको अनुमानित आय-व्यय विवरण तथा आर्थिक विधेयक, २०८३ प्रस्तुत गरिएको नगरपालिकाले जनाएको छ ।

सभामा नगरसभा सदस्य सचिव उपेन्द्र न्यौपानेसहित सम्पूर्ण नगरसभा सदस्य, नगरपालिकाका कर्मचारी, निवर्तमान जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि, पत्रकार, सुरक्षा निकायका प्रतिनिधि, बुद्धिजीवी, समाजसेवी तथा अन्य सरोकारवालाको उपस्थिति रहेको थियो । नगरपालिकाले आगामी वर्षका लागि विकास निर्माण, सुशासन, प्रभावकारी सेवा प्रवाह तथा नागरिकको जीवनस्तर उकास्ने लक्ष्यसहित नीति तथा कार्यक्रम तथा बजेट ल्याएको जनाएको छ। प्रस्तुत नीति, कार्यक्रम, बजेट तथा आर्थिक विधेयकमाथि नगरसभाका आगामी बैठकहरूमा विस्तृत छलफल गरी पारित गरिने जनाइएको छ। उद्घाटन सत्र सफल बनाउन सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी तथा सरोकारवाला प्रति नगरपालिकाले आभार व्यक्त गरेको छ ।




**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- सार्वजनिक स्थलमा सरसफाई गरौं,
- सरकारी सामाग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



सम्पादकीय..................

# किसानप्रतिको विभेद

*यस पालिको बजेटले किसानलाई पनि ठूलो र सानो भनेर विभेद गरेको देखिन्छ। जस्तो कि, न्यूनतम दुई करोडसम्म लगानी गर्ने किसानलाई ४० करोडसम्म प्रोत्साहन अनुदान दिने भनेका छन। तर दुई करोड नहुने, दुई-चार लाख पनि नहुने गरिब किसानलाई बजेटले पूरै बेवास्ता गरेका छन। फेरि आर्थिक वर्ष २०८२/८३ मा १६ खर्ब चानचुन (मध्यावधि समीक्षाबाट संशोधन गरिएको) मा सीमित गरिएको बजेट आगामी आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब भनेर ३५ प्रतिशतले बढाएर ल्याइएका छन। यसरी बजेटको आकार ३५ प्रतिशतले बढेर आउँदा ५२ प्रतिशत मानिस आश्रित कृषि क्षेत्रको भने बजेट घटाइएको देखिन्छ।*

*कृषिमा १० अर्बभन्दा बढी बजेट घटाएर ४६ अर्ब ५२ करोडमा सीमित गरिएका छन। यो पनि एउटा गलत कदम भएको देखिन्छ। शिक्षा, स्वास्थ्य लगायत क्षेत्रमा छुट्ट्याइएको बजेट त पोहोर-परार कै जस्तो रहेका छन। त्यसैगरी कर बढाइनुपर्ने सुर्तीजन्य तथा मदिरामा सीमित करमात्र बढाइएका छन। समग्रमा बजेट मध्यम वर्ग तथा उच्च वर्ग लक्षित गरेको देखिन्छ। अर्थतन्त्रको मूलप्रवाह कृषि, श्रम बजार र पर्यटनभन्दा पनि एआई र सूचना प्रविधिजस्ता क्षेत्रलाई आवश्यकताभन्दा बढी फुर्काइएका छन। अभाव र बेरोजगारीमा जकडिएकाहरू प्रतिको सामाजिक न्याय र गरिब जनताप्रतिको सरकारी दायित्व यो बजेटले भुलेको देखिन्छ।*

# महिला जनप्रतिनिधिहरुका लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यशाला

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ असार**

मधेश प्रदेशका महिला जनप्रतिनिधिहरुका लागि बाल केन्द्रित तथा लैंगिकता उत्तरदायी योजना तथा बजेट तर्जुमा सम्बन्धी दुई दिने क्षमता अभिवृद्धि कार्यशाला जनकपुरधाममा सम्पन्न भएको छ।

युरोपियन युनियन तथा संयुक्त राष्ट्रसंघको सहयोगमा लाइफ नेपालद्वारा संचालित सशक्त महिला समृद्ध नेपाल कार्यक्रम अन्तर्गत स्थानीय तहका महिला जनप्रतिनिधिहरुलाई बाल केन्द्रित तथा लैंगिकता उत्तरदायी योजना तथा बजेट तर्जुमा सम्बन्धी दुई दिन क्षमता अभिवृद्धि कार्याशाला आयोजना गरिएको थियो।

स्थानीय तहहरूमा लैङ्गिक उत्तरदायी बजेटलाई समग्र बजेट प्रणालीको अभिन्न अङ्गका रूपमा नभई सीमित रूपमा महिला लक्षित बजेट का रूपमा बुझ्ने प्रवृत्ति रहेको देखाएको छ। स्थानीय तहमा महिला बाल केन्द्रित तथा लैंगिकताको अर्थपूर्ण सहभागिता अझै सीमित रहेको बारे कार्याशालामा छलफल भएको थियो। यद्यपि, कुल बजेटमा लैङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने स्पष्ट अभ्यास पर्याप्त नभए पनि स्थानीय तहमा महिलालाई लक्षित गरी बजेट विनियोजन गर्ने तथा त्यसलाई व्यवहारिक कार्यक्रम र पहलमार्फत कार्यान्वयनमा लैजाने प्रयास क्रमश: बढ्दै गएको जनप्रतिनिधिहरुले स्वीकार गरिन्।

कार्याशालामा धनुषाको जनकपुरधाम उपमहानगरपालिका, नगराईन नगरपालिका, सिरहा जिल्लाको नवराजपुर गाउँपालिका र पर्सा जिल्लाका बिन्दवासिनी गाउँपालिका गरि ४ स्थानीय तहका उप-प्रमुख लगायत ४५ जना निर्वाचित महिला जनप्रतिनिधिहरुको सक्रिय सहभागिता रहेको लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले बताए। स्थानीय तहमा बालकेन्द्रित तथा लैंगिकता उत्तरदायी योजना तथा बजेटको आवश्यता र महत्व बारे



महिला जनप्रतिनिधिहरुलाई जानकारी गराउदै प्रेरित गर्ने उद्येश्यले आयोजित कार्याशालामा दुई दिनसम्म नीतिगत सुधार र यसको लागि गर्नुपर्ने पहलबारे गहन छलफल भएको अध्यक्ष ठाकुरले बताए। महिला तथा लैंगिक समानता प्रवर्धनका लागि सरकारले ल्याउने लैंगिक उत्तरदायी बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि महिला जनप्रतिनिधिहरुलाई दुई दिनसम्म संचालन भएको कार्यशालाको विभिन्न सत्रमार्फत जानकारी गराएको उनले बताए। बाल केन्द्रित तथा लैंगिकता उत्तरदायी योजना सम्बन्धी बजेट प्रणाली अझै प्रभावकारी बन्न नसकेको औंल्याएको छ। लक्षित वर्गका लागि विनियोजन गरिएको बजेट वास्तविक रूपमा खर्च भए-नभएको विषयमा प्रभावकारी अनुगमन आवश्यक रहेकोमा जनप्रतिनिधिहरुको जोड थियो। महिला लक्षित बजेट, खर्चको प्रभावकारिता, सीमान्तकृत समुदायको पहुँच तथा नीति कार्यान्वयनका चुनौतीबारे समेत विश्लेषण गरेको छ। बजेट कार्यान्वयनका सन्दर्भमा नीतिगत, संस्थागत तथा व्यवहारिक तहमा विद्यमान चुनौती र सम्भावनाहरूबारे समेत छलफल गरिएको थियो। कार्याशालामा युनिसेफका मधेश प्रदेश प्रमुख अनिता दाहाल, कार्यक्रम अधिकृत विष्णु भट्टराई, विष्णु नेपाली, खेलकूद तथा समाज कल्याण मन्त्रालयका निर्मला मिश्रा, युएनएफपीएका प्रिति शर्मा र अशोक झा लगायतको उपस्थिति रहेको थियो।

# करेन्ट लागेर एक जनाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ८ असार**

महोत्तरीको मटिहानी नगरपालिकामा आइतवार करेन्ट लागेर एक जनाको मृत्यु भएको छ।

मटिहानी नगरपालिका वडा ८ मा रहेको बजारमा व्यवसाय गरिरहेका मटिहानी नगरपालिका ८ बस्ने अन्दाजी ६५ वर्षीय सिताशरण चमारको करेन्ट लागेर मृत्यु भएको हो।

मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले जुत्ता सिउँदैआएका चमारलाई नजिकै रहेको बिजुलीको स्टेट तारमा करेन्ट लागेको जानकारी दिनुहुदै गम्भीर घाइते भएका उहाँलाई स्थानीयवासी र परिवारजनले तत्काल उपचारका लागि अस्पताल पुऱ्याए पनि चिकित्सकले मृत घोषणा गरेको बताउनुभयो।

## सूचना ! सूचना !! सूचना !!!

**नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो। नहर सफा राख्नु सबैको दायित्व हो। नहरको जमीन अतिक्रमण गर्नु हुदैन। सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो।**

**मधेश प्रदेश सरकार**
**उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम धनुषा**

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्न
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अनावश्यक चिन्ता
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: लामो यात्राको योग छ
धनु: मित्रतामा फाटो आउने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

## मातृ तथा नवजात शिशु स्वास्थ्य सुरक्षाका लागि स्वयंसेविकाहरूलाई विशेष अभिमुखीकरण



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ८ असार**

महोत्तरीको सम्सी गाउँपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि ‘मातृ तथा पेरिभेटल मृत्यु निगरानी तथा प्रतिकार्य’ सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरीको आयोजनामा तथा सम्सी गाउँपालिकाको समन्वयमा आयोजित उक्त कार्यक्रम गाउँपालिकाको सभाहलमा सम्पन्न भएको हो। चालु आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत सञ्चालन गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा मातृ तथा नवजात शिशुको मृत्यु न्यूनीकरण, समयमै पहिचान, निगरानी तथा प्रतिकार्यका उपायहरूबारे विस्तृत जानकारी प्रदान गरिएको थियो। कार्यक्रममा गाउँपालिका अध्यक्ष रामनाथ यादव,प्रमुख प्रशासकीय अधिकृत रञ्जितकुमार यादव, वडा अध्यक्ष राकेश यादव,स्वास्थ्य कार्यालय महोत्तरीकी नर्सिङ फोकल पर्सन प्रतिभा सिंह,निमित्त प्रमुख प्रशासकीय अधिकृत सञ्जय बाबु यादव, स्वास्थ्य शाखा प्रमुख सञ्जय कुमार यादव लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रशिक्षक दिपेन्द्र झाले महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई मातृ तथा पेरिभेटल मृत्यु निगरानी प्रणाली, जोखिम पहिचान तथा समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धिसम्बन्धी विषयमा सहजीकरण गरेका थिए । स्वास्थ्य कार्यालय महोत्तरीकी नर्सिङ फोकल पर्सन प्रतिभा सिंहले यस्ता अभिमुखीकरण कार्यक्रमले महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गर्दै मातृ तथा नवजात शिशुको स्वास्थ्य सुरक्षामा महत्वपूर्ण योगदान पुग्ने बताइन् ।

कार्यक्रमका क्रममा सहभागी महिला स्वास्थ्य स्वयंसेविकाहरूले गाउँपालिका अध्यक्षसमक्ष आफूहरूले भोग्दै आएका विभिन्न समस्या, चुनौती तथा सेवासुविधासम्बन्धी गुनासाहरू राखेका थिए। उनीहरूले स्वास्थ्य क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको कदर गर्दै मासिक भत्ता तथा पारिश्रमिक वृद्धि गर्न समेत माग गरेका थिए । गाउँपालिका अध्यक्ष रामनाथ यादवले स्वयंसेविकाहरूले उठाएका विषयप्रति गाउँपालिका गम्भीर रहेको बताउँदै सम्भव भएसम्म आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले समुदायको स्वास्थ्य सुधारमा महिला स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै आगामी दिनमा उनीहरूको क्षमता अभिवृद्धि र प्रोत्साहनका लागि पालिकाले आवश्यक सहयोग गर्ने बताए ।

## कर्मचारीहरूको लामो समयदेखि रोकिएको तलबभत्ता अन्ततः निकासा



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ असार**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको सचिवालयमा कार्यरत कर्मचारीहरूको लामो समयदेखि रोकिएको तलबभत्ता अन्ततः निकासा गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सचिवालयमा कार्यरत १४ जना कर्मचारीको पारिश्रमिक तथा सुविधा उपलब्ध गराएको जनाएको छ । मुख्यमन्त्री यादवले गत १९ मंसिरमा पदभार ग्रहण गरेपछि स्वकीय सचिव, कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगीलगायत विभिन्न पदमा १० जना कर्मचारी नियुक्त गरेका थिए । तर, खर्च कटौती सम्बन्धी संघीय सरकारको परिपत्रलाई आधार बनाउँदै ती कर्मचारीको तलबभत्ता चार महिनादेखि रोकिएको थियो ।

नेपाल सरकारको मन्त्रिपरिषद्ले गत असोजमा सार्वजनिक खर्च नियन्त्रणसम्बन्धी निर्णय गरेपछि अर्थ मन्त्रालयले तीनै तहका सरकारलाई पठाएको परिपत्रमा प्रदेश सरकारका मन्त्री तथा मुख्यमन्त्रीको सचिवालयमा बढीमा तीन जनासम्म मात्र कर्मचारी राख्न सकिने उल्लेख गरिएको थियो । सोही व्यवस्थालाई आधार बनाएर मुख्यमन्त्री कार्यालयको लेखा शाखाले तीन जनाभन्दा बढी कर्मचारीको तलब निकासा गर्न अस्वीकार गर्दै फाइलसमेत फिर्ता पठाएको स्रोतले जनाएको छ । यद्यपि, गत जेठ २६ गते बसेको मधेश प्रदेश मन्त्रिपरिषद् बैठकले ‘मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५’ बमोजिम तलबभत्ता उपलब्ध गराउने निर्णय गरेको थियो । उक्त ऐनअनुसार मुख्यमन्त्रीको सचिवालयमा स्वकीय सचिवसहित १४ जनासम्म कर्मचारी राख्न सकिने व्यवस्था रहेको छ ।

सोही कानुनी प्रावधानलाई आधार बनाएर यसपटक सचिवालयमा थप चार जनासहित कुल १४ जनाको तलबभत्ता निकासा गरिएको हो । संघीय सरकारको खर्च कटौती सम्बन्धी निर्देशन र प्रदेश कानुनबीचको व्याख्यात्मक विवादका कारण लामो समयदेखि रोकिएको तलबभत्ता अन्ततः प्रदेश सरकारको निर्णयपछि भुक्तानी गरिएको हो । यससँगै मुख्यमन्त्री सचिवालयका कर्मचारीले चार महिनापछि आफ्नो पारिश्रमिक पाएका छन् ।


सूचना ! सूचना !! सूचना !!!

खेलकुदका माध्यमबाट स्वस्थ, सक्षम, अनुशासित, मर्यादित, सिर्जनशील र मानवीय संवेदनायुक्त नागरिक निर्माण गरौं ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम, धनुषा


### बोलपत्र प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३।०३।०९ गते**

जानकी महिला जागरण समाज (JWAS) द्वारा संचालित एक परियोजनाका लागि परियोजनाका लक्षित महिला सहभागीहरुलाई निजहरुले छनोट गरेको उद्यम तथा व्यवसाय सञ्चालन गर्न सहयोग गर्नकालागि यस संस्थालाई यसै सूचना बमोजिमको बोलपत्र आह्वान सम्बन्धी दस्तावेज Terms of Reference (ToR) मा उल्लेख भएका उद्यम तथा व्यवसायसँग सम्बन्धित चौपाया तथा समाग्रीहरूको आवश्यक्ता भएकोले सो उपलब्ध गराउन सक्ने इच्छुक र सम्बन्धित कार्य गर्न इजाजतपत्र प्राप्त दर्तावाल फर्महरूबाट मिति २०८३ अषाढ १५ गते कार्यालय समय दिनको १७:०० बजे भित्र यस संस्थाको कार्यालयमा आवेदन प्राप्त हुने गरी बोलपत्र दस्तावेजमा उल्लेख भए अनुसारको निर्देशन बमोजिम आवेदन पेश गर्नुहुन अनुरोध छ । बोलपत्र आवेदनका लागि इच्छुक फर्म/कम्पनीले बोलपत्र सम्बन्धि पुर्ण दस्ताबेज (Terms of Reference(ToR) प्राप्त गर्न यस संस्थाको vacancyjwas@gmail.com इमेल ठेगानामा आफ्नो फर्मको सम्बन्धित व्यवसायको इजाजत प्रमाणपत्र खुल्ने कागजात सहित इमेल मार्फत वा कार्यालयमा आवेदनसाथ अनुरोध गरेमा यथासक्य चाँडै इमेल मार्फत वा हस्ते नै उपलब्ध गराइनेछ ।


सूचना ! सूचना !! सूचना !!!

भवन निर्माण संहिताको पालन गरि भवन निर्माण गरौं, सम्भावित जोखिमबाट बचौं ।

मधेश प्रदेश सरकार
भौतिक पुर्वाधार विकास मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम, धनुषा

सूचना ! सूचना !! सूचना !!!

जनताको पीरमर्का सुन्न र रचनात्मक सुझावहरु ग्रहण गर्न मधेश प्रदेश सरकार सधैं तत्पर र जागरुक छ । साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ ।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय
मधेश प्रदेश जनकपुरधाम, धनुषा

# सामाजिक सुरक्षा संरक्षणले मधेश समृद्ध हुने

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ असार**

सशक्त महिला, समृद्ध नेपाल कार्यक्रम अन्तर्गत सामाजिक संरक्षणको दिगो वित्तिय व्यवस्था, उत्थानशीलता तथा समावेशी विकास सम्बन्धी प्रदेशस्तरीय नीतिगत संवाद कार्यक्रम सोमबार जनकपुरधाममा सम्पन्न भएको छ।

युरोपियन युनियन र संयुक्त राष्ट्र संघको आर्थिक सहयोग र सेभ द चिल्ड्रेनको सहकार्य तथा लाइफ नेपाल र सामाजिक सुरक्षा नागरिक समाज संजालको समन्वयमा खेलकूद तथा समाज कल्याण मन्त्रालयले आयोजना गरेको संवाद कार्यक्रममा मधेश प्रदेश सरकारले ल्याएको महिला सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा जोड दिए । महिला बालबालिका तथा समाजिक न्याय समितिका सभापति रुपा कुमारी यादवले मधेश प्रदेश सरकारले कार्यक्रमहरु नारामै सीमित नभई कार्यान्वयनमा आउनुपर्ने तर्क गरिन् । बेटी पढाउ, बेटी बचाउ, बेटी जिन्दाबाद जस्ता कार्यक्रमहरु लथालिङ्ग अवस्थामा रहेको स्मरण गर्दै उनले यस्ता कार्यक्रमहरुको व्यवस्थापन गर्दै निरन्तरता दिनुपर्नेमा जोड दिइन् । खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशिल कुमार साहको अध्यक्षतामा भएको संवाद कार्यक्रममा सभापति यादवले प्रदेश सरकारले महिलासित विभेद गरिरहेको गुनासो गर्दै नीतिगत तहमा अवसर नदिएको सुनाइन् । कार्यक्रममा नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले महिलाहरु आफ्नो घरमै विभेदमा परेको जिकिर गर्दै महिला महिलाबाटै हिंसामा परेको बताए । शिक्षामा पछाडि परेको मधेशका महिलालाई अगाडि बढाउने कार्य घरबाटै सुरु गर्नुपर्नेमा नेता झाले जोड दिए। परिवारबाटै हिंसाको अन्त्य गरेर मधेशलाई समृद्ध बनाउन सकिन्छ, उनले भने-यसका लागि शिक्षामा पहुँच बढाउनुपर्छ। आर्थिक रुपमा सब्बलले पनि सामाजिक सुरक्षा भत्ता लिन खोज्दा समस्या भएको बताउँदै झाले यो व्यवस्था विपन्न, अपांग, असहायहरुका लागि गरिएपनि हुने खानेले पनि सरकारी



सुविधा रहेको भन्दै सामाजिक सुरक्षा भत्ता लिने गरेको जिकिर गरे। नेकपा एमालेका प्रदेशसभा सदस्य हरिनारायण महतोले विगतको सरकारले ल्याएको संवेदनशील कार्यक्रमहरुलाई हालका सरकारहरुले निरन्तरता नदिएकोमा रोष प्रकट गरे । बेटी पढाउ, बेटी बचाउ जस्ता प्रदेश गौरवका योजना अहिले बन्द अवस्थामा छ, उनले भने- के कारणले बन्द भयो । सरकारले खै चासो लिएको ? अन्य प्रदेशमा यस्तै कार्यक्रमहरुले निरन्तरता पाइरहँदा मधेशमा भने रोकिएको छ । यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिएर अगाडि बढेमा मधेशका महिला पनि सशक्त हुने विश्वास उनले व्यक्त गरे । नीति तथा योजना आयोग मधेश प्रदेशका उपाध्यक्ष राजकुमार सिंहले मधेशका महिलालाई सशक्त बनाउन आगामी आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरु ल्याएको जानकारी दिए । बेटी पढाउ बेटी बचाउ कार्यक्रमलाई परिमार्जन गरेर ल्याउन लागेको बताउँदै महिला सशक्त भए मात्र मधेश सशक्त हुने अवधारणालाई वर्तमान सरकारले स्वीकार गरेर अघि बढेको सिंहले बताए । सो अवसरमा युनिसेफका ठाकुर ढकालले बेटी पढाउ, बेटी बचाउ, बेटी जिन्दाबाद जस्ता कार्यक्रमहरुलाई मधेश प्रदेश सरकारले निरन्तरता दिनुपर्नेमा जोड दिए । कार्यक्रमहरु संचालनमा ल्याउनु अगाडि नै श्रोत सुनिश्चित, क्षेत्र, लक्षित वर्गको अध्ययन गर्नुपर्नेमा जोड दिए । बेटी पढाउ, बेटी बचाउ कार्यक्रम हाल लथालिङ्ग अवस्थामा छ, उनले भने-यसलाई अगाडि बढाउनका लागि पूर्व तयारीको जरुरी छ। आठ जिल्लामा जन्मिने छोरीहरुको बीमाको प्रिमियम व्यहोर्ने पर्याप्त बजेट छ वा छैन यसको सुनिश्चितता जरुरी रहेको उनले बताए। खेलकूद तथा समाज कल्याण मन्त्रालयका महिला तथा बालबालिका महाशाखा प्रमुख निर्मला मिश्रले स्वागत मन्तव्य राखेकी संवाद कार्यक्रममा नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. सोहन साहले सामाजिक संरक्षण किन ? मधेश किन ? भने प्रस्तुतिकरण गरेका थिए । यसैगरी मधेश प्रदेशमा सामाजिक संरक्षणको वर्तमान अवस्थाबारे खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशिल कुमार साह, विगतका प्रादेशिक पहलहरुबाट सिकाईबारे समीक्षा तथा सामाजिक संरक्षणका लागि दिगो वित्तिय विकल्पहरुबारे राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. रामकुमार फुयालले प्रस्तुतिकरण गरेका थिए । डा. अनिता घिमिरे, चन्द्रकिशोर झा, शिक्षा तथा संस्कृति मन्त्रालयका उपसचिव किशोरी कापर लगायतको प्यानलले प्रस्तुतिकरण उपर आफ्नो धारणा राखेका थिए । मुख्य टिप्पणीकर्ता डा. दिपेश घिमिरेले प्रस्तुतीकरणमाथि टिप्पणी गर्दै भावी रणनीतिबारे प्रकाश पारेका थिए । खेलकूद तथा समाज कल्याण मन्त्रालयका संजीव महतोले संचालन गरेको कार्यक्रममा सामाजिक सुरक्षा नागरिक समाज संजालका निर्देशक राजेन्द्र चौंलागाई, लाईफ नेपालका अध्यक्ष सुरैत ठाकुर, युनिसेफ मधेश प्रदेश प्रमुख अनिता दाहाल, कार्यक्रम अधिकृत अशोक झा, विष्णु भट्टराई लगायतको उपस्थिति रहेको थियो ।


**सूचना ! सूचना !! सूचना !!!**

जनताको पिरमार्का सुन्न र रचनात्मक सुझावहरु ग्रहण गर्न मधेश प्रदेश सरकार सधैं तत्पर र जागरुक छ । साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ ।

मधेश प्रदेश सरकार
**अर्थ मन्त्रालय**
मधेश प्रदेश जनकपुरधाम, धनुषा

**सूचना ! सूचना !! सूचना !!!**

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुम्रपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,

मधेश प्रदेश सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
मधेश प्रदेश जनकपुरधाम, धनुषा

**सूचना ! सूचना !! सूचना !!!**

बन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदावार जडीबुटीको अबैध ओसार-पोसार र जीवजन्तुको अबैध सिकार नगरौं ।

मधेश प्रदेश सरकार
**वन तथा वातावरण मन्त्रालय**
मधेश प्रदेश, जनकपुरधाम, धनुषा

**सूचना ! सूचना !! सूचना !!!**

धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्द्धन गरौं । पर्यटकीय स्थलहरु स्वच्छ र सफा राखौं ।

मधेश प्रदेश सरकार
**उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय**
मधेश प्रदेश, जनकपुरधाम धनुषा


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday